१६,३८ /१२५०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ५८४/२०७२/०७३

निर्णय नं. १२५०

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहाल ..........................................................................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ....................................१ विपक्षी

सूचना अधिकारी, कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं ....................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

दोलखा जिल्ला सुन्द्रावती- हाल श्री नेपाल वेदविद्याश्रम संस्कृत माध्यमिक विद्यालय, वनकाली, गौशालाका गोविन्दप्रसाद दाहालले कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०८।०८ मा पुनरावेदन गरेको । प्रस्तुत सम्वन्धमा राष्ट्रिय सूचना आयोगको मिति २०७२।१०।०३ को आदेश बमोजिम माग भएको सूचना उपलब्ध गराउन कृषि विकास बैंकका कार्यालयका प्रमुख र सूचना अधिकारीको नाममा मिति २०७२।१०।०८ मा पत्र लेखी गएको ।

तत् पश्चात कृषि विकास बैंक लि. को च. नं. ४८४ मिति २०७२।१२।१२ को पत्रवाट आयोगको आदेश कार्यान्वयन सम्वन्धमा सूचना उपलब्ध गराउन सकिने वा नसकिने सम्वन्धमा बैंकको प्रचलनमा रहेको कर्मचारी सेवा विनियमावली र पदपूर्ति सम्बन्धी कार्यविधिले व्यवस्था नगरेको हुँदा सूचना उपलब्ध गराउन मिल्ने वा नमिल्ने सम्वन्धमा लोकसेवा आयोगसँग निर्देशन सहितको सहयोग माग गरी यस आयोगलाई बोधार्थ दिएको पत्र प्राप्त हुन आएको ।

हाल लोक सेवा आयोगले परीक्षार्थीले प्राप्त गरेको प्राप्ताङ्क सम्वन्धित उम्मेदवारले हेर्न मिल्ने गरी व्यवस्था गरेको व्यहोरा लोक सेवा आयोगको वेव साइटवाट जानकारी भएको । नेपाल बैंक लिमिटेडले यस्तै प्रकृतिको मुद्दामा परीक्षार्थीले प्राप्त गरेको अङ्कसहित नतिजा उपलब्ध गराएको छ । प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा कृषि विकास बैंक लि.ले

र तर्क देखिदैन । यस आयोगको आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले विचार गर्नु पर्ने हो कि ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण यस आयोगमा पठाउन र यस आयोगको मिति २०७२।१०।०३ को आदेश अनुसार ७ दिन भित्र सूचना उपलब्ध गराउनु भनी कृषि विकास बैंक लिमिटेड, रामशाहपथ, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश गरिएको छ । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल असार २० गते रोज २ शुभम् ।